# स्थानीय राजपत्र

खण्डः २ कीर्तिपुर, असोज १९ गते, २०७७ साल संख्या ५

**भाग-३**

**कीर्तिपुर नगरपालिका**

**संवत २०७७ सालको कार्यविधि नं. ५**

## कीर्तिपुर नगरपालिकाको संस्था दर्ता कार्यविधि, २०७७

प्रस्तावना

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउन् पर्ने कार्यविधि नियमित गर्नको लागि प्रदेश सँस्था दर्ता सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५ ले दिएको अधिकारको अधिनमा रहि कीर्तिपुर नगरपालिका क्षेत्र भित्र संविधान, ऐन, कानुन अनुकूल हुने गरि कार्य गर्नको लगि विभिन्न संस्था (क्लव, खेलकुद विकास समिति, मठ मन्दिर, गुम्वा संरक्षण समिति, दाफा खल:, , पानीको मूल दर्ता, उपभोक्ता समिति, कला भाषा साहित्य सम्बन्धि सँस्था, अक्षयकोष, सामुदायिक विकास कोष, बाल आश्रम तथा गृह जेष्ठ नागरिक आश्रम गृह,महिला सेवा केन्द्र तथा महिला आश्रम, आमा तथा महिला समूह, वा समूह संस्था, नगरपालिका तथा वडा स्तरीय टोल सुधार समिति, विविध संजालहरु आदि) दर्ता गरि कीर्तिपुर कार्यपालिकाको विविध कार्यहरुमा व्यवस्थित तवरले संलग्न गर्न गराउन वान्छनीय भएकोले कीर्तिपुर नगर कार्यपालिकाले यो कार्यविधि वनाएको छ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्य विधिको नाम "कीर्तिपुर नगरपालिकाको संस्था दर्ता कार्यविधि,२०७७"रहेकोछ।

(ख) यो कार्य विधि तुरून्त प्रारम्भ हुनेछ। कार्यविधि कीर्तिपुर नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने स्थायी वासिन्दाका हकमा मात्र लागु हुनेछ।

२. परिभाषा:

क) विषय वा प्रसले अर्को अर्थ नलागेमा यो कार्यविधि भन्नाले "कीर्तिपुर नगरपालिकाको संस्था दर्ता कार्य विधि, २०७७" सम्झनु पर्छ।

ख) नगरपालिका भन्नाले कीर्तिपुर नगरपालिका कार्यालय, काठमाडौंलाई बुझाउनेछ।

**३. दर्ताको लागि निवेदनः**

कार्यविधि बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरूले आम भेलाद्वारा तदर्थ कार्यसमिति वनाई संविधान, कानुनसंग नबाझिने गरि संस्थाको विधान तयार गरि कार्यसमितिबाट स्वीकृत तथा प्रमाणित गरी कार्य समितिका पदाधिकारी र नागरकिताको प्रतिलिपी एक।एक प्रति संलग्न राखी आर्थिक ऐन अनुसार दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत समक्ष अनुसूची–१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

**४. संस्थाको दर्ता र प्रमाण– पत्रः**

बुंदा ३ बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले आवश्यक जांचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची– २ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची– ३ बमोजिमको दर्ताको प्रमाण– पत्र दिनेछ।

५. दर्ताको अवधि, नवीकरण र दस्तुर :

(१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण– पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ।

(२) उपबुंदा(१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीनमहिना भित्र सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाटबाट आर्थिक ऐन अनुसार दस्तुर तिरी दर्ताको प्रमाण– पत्र नवीकरण गराउनु पर्नेछ।

(७) उपबुंदा (३) र (५) बमोजिम दर्ताको प्रमाण– पत्र नवीकरण गरेको अभिलेख नगरकार्यपालिकाको कार्यालयमा राख्नु पर्नेछ।

८. विविध

(क) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा नगर कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ।

(ख) टोल विकास तथा सुधार समितिको नामाकरण गर्दा परापूर्वकालदेखि चलिआएको स्थान नामलाई असर नपर्ने गरी गर्नुपर्नेछ र यसका लागि सम्बन्धित वडा कार्यालयको सिफारीश अनिवार्य हुनेछ।

(ग) संस्था दर्ता तथा नविकरण दस्तुर रू.१,०००।– तोकिएको छ।

अनुसूची - १

(बुँदा नं. ३ सँग सम्बन्धित)

**निवेदन पत्रको ढाँचा**

श्रीमान् प्रमूख प्रशासकिय अधिकृतज्यू, मितिः
कीर्तिपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कीर्तिपुर, काठमाडौं ।

महोदय,

यस कीर्तिपुर नगरपालिकाको संस्था दर्ता कार्यविधि, २०७७ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन तथा प्रस्तावित संस्थाको विधानको एकप्रति यसैसाथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध छ।

**विवरण :**

१) संस्थाको नाम :

२) संस्थाको उद्देश्यहरु

क)

ख)

ग)

३) कार्य समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| क) | | |
| ख) | | |
| ग) | | |

४. आर्थिक स्रोत :

५. कार्यालयको ठेगाना :

.........................

संयोजक/अध्यक्ष

अनुसूचि २

बुंदा ४ संग सम्बन्धित

संघ संस्थाको दर्ता किताब

कीर्तिपुर नगरपालिका

देवढोका

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरूको नाम, ठेगाना तथा सहिछाप | प्रमाणित गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची - ३

(बुँदा नं. ४ सँग सम्बन्धित)

कीर्तिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर , काठमाडौँ

बागमती प्रदेश

श्री ...........................

...............................

## संस्था दर्ताको प्रमाणपत्र

कीर्तिपुर नगरपालिकाको कार्यालय संस्था दर्ता कार्यविधि, २०७७ को बुदा नं. ४ बमोजिम ........... साल .......... महिना ........... गतेमा गठित श्री ............................................ लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

दर्ता नं. ..............

मिति : ................

संस्था रहेको ठेगाना : ......................

प्रमाणित गर्ने

**नविकरण विवरण**

| नविकरण | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
कीर्तिपुर नगरपालिका, मिति
कीर्तपुर, काठमाडौ ।

बिषय :— **नविकरण गरी पाउं ।**

महोदय,

श्री ................................................ ..................संस्थाको आ.व.................देखि...........सम्म नविकरण गरी पाऊ भनी निवेदन गर्दछु ।

निवेदक

अध्यक्ष

सचिव

संलग्न कागजातहरू

१) संस्थाको विधानको प्रतिलिपि ।

२) संस्थाको प्रमाणपत्रको फोटोकपी ।

३) संस्थाको प्यान दर्ता प्रमाणपत्र ।

४) संस्थाले नियमित रूपमा कर बुझाएको रसिद ।

५) वर्तमान कार्य समितिको नामावली ।

६) वर्तमान कार्य समिति छनौट गरिएको साधारण सभाको माइन्युटको प्रतिलिपी ।

७) बार्षिक कार्य प्रगति विवरण ।

८) साधारण सभाले लेखापरिक्षक नियुक्ती गरेको माइन्युटको प्रतिलिपी ।

९) साधारण सदस्य संख्या खुलाएको दर्ता प्रमाणपत्र ।

१०) लेखा परिक्षणको प्यान दर्ता प्रमाण पत्र, लेखापरिक्षण प्रमाणपत्र नविकरण समेत देखिने गरी ।

११) लेखा परक्षिण प्रतिवेदन ।

१२) नविकरणको लागी माग गरिएको निबेदन ।

प्रमाणिकरण मितिः- २०७७/०६/१९

आज्ञाले
(ध्रुवराज आचार्य)
प्रमुख प्रशासकीय अधिकृत